जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

वर्ष-२१ | अंक - १२७ | २०८३ वैशाख २८ गते सोमबार | Saturday, 11 May 2026 | मूल्य ७ /-



## बेद र ‘दृष्टिहिन’हरूको स्वर्ग

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोनः ०२३-५७५४०९

**स्वास्थ्यमा ध्यान दिऔं।**

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिंडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुमपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक स्रोतबाट लिऔं।

*स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं।*

**नेपाल सरकार**
विज्ञापन बोर्ड

## मनसुनको उच्च जोखिममा झापा

# करिब ९ हजार परिवार प्रभावित

खगेन्द्र कार्की

**दमक/** झापामा यस वर्षको मनसुनले ठूलो जनधनको क्षति पुऱ्याउन सक्ने जोखिम देखिएको छ । नेपाल रेडक्रस सोसाइटी झापाले सार्वजनिक गरेको 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०८३' अनुसार जिल्लाका विभिन्न नदीमा आउने बाढीका कारण करिब ८ हजार ९१५ परिवार प्रभावित हुनसक्ने अनुमान गरिएको छ ।

सरकारले पछिल्लो समय जोखिमयुक्त खोला किनार र नदी आसपासका क्षेत्रमा बसोबास गर्ने सुकुम्बासी तथा अव्यवस्थित बस्ती हटाउने अभियान अघि बढाइरहेका बेला झापाको अवस्था पनि संवेदनशील देखिएको हो । सरकारले मनसुनी विपद्बाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न पूर्वतयारीस्वरूप यस्ता कदम चालेको जनाएको छ । तर, केही पक्षले भने डोजर प्रयोग गरेर गरिएको हटाउने अभियानलाई "आतंक" भन्दै आलोचना गरिरहेका छन् ।

यद्यपि, विपद् व्यवस्थापनसँग सम्बन्धित निकायहरु भने जोखिमयुक्त क्षेत्रमा बसोबासले वर्षेनी ठूलो समस्या निम्त्याउँदै आएको बताउँछन् । विशेषगरी झापाका नदी किनारका बस्तीहरु प्रत्येक वर्ष मनसुन सुरू भएसँगै त्रासमा रहने गरेका छन् ।

नेपाल रेडक्रस सोसाइटी झापाका अधिकृत हरिशरण खड्काका अनुसार मौसम पूर्वानुमान, विगतका बाढी प्रभावित क्षेत्र तथा नदीको बहावको अध्ययन गरेर यस वर्षको जोखिम प्रक्षेपण गरिएको हो । सो अध्ययनमा झापाका १४ स्थानीय तहअन्तर्गत रहेका ११ वटा नदीबाट हुनसक्ने बाढीजन्य विपद्को विश्लेषण गरिएको छ ।

बाँकी ४ पेजमा

### यस वर्ष कम वर्षाको पूर्वानुमान

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन याममा अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने प्रक्षेपण गरेको छ । अधिकतम तापक्रम र न्यूनतम तापक्रम भने देशभर सरदरभन्दा बढी हुने सम्भावना रहेको विभागले जानकारी दिएको छ ।

सामान्यतया जेठ अन्तिम साता (जुन १३ मा) बंगालको खाडी हुँदै नेपालमा मनसुन भित्रने गर्छ र असोजको अन्तिम साता या कात्तिकको पहिलो सातासम्म मनसुन सक्रिय रहन्छ । विभागले भने जेठ १८ देखि असोज १४ गतेसम्मको अवधिलाई मनसुन ऋतु भन्दै वर्षा र तापक्रमको आकलन गर्ने गरेको छ । अघिल्लो वर्षको मनसुन याम (२०८२ जेठ १८ देखि असोज १४ गतेसम्म) औसतभन्दा कम अर्थात् ८७.५ प्रतिशत वर्षा भएको थियो। उक्त अवधिमा १२९५.४० मिलिमिटर वर्षा भएको थियो । सामान्यतया नेपालमा मनसुन याममा १४७२ मिलिलिटर औसत वर्षा हुने अनुमान गरिन्छ ।

## आज संसद्को बजेट अधिवेशन सुरु

**दमक/** संघीय संसद्को बजेट अधिवेशन आजदेखि सुरु हुँदैछ। आजै नै सरकारको नीति कार्यक्रम पनि प्रस्तुत हुने भएको छ।

संसद् सचिवालयका अनुसार राष्ट्रपति पौडेलले अपराह्न ४ बजे संघीय संसद्का दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम तय गरिएको छ। त्यसअघि प्रतिनिधिसभा र राष्ट्रियसभाको बैठक अपराह्न २ बजे बस्नेछ।

प्रतिनिधिसभा बैठकमा अधिवेशन आह्वानसम्बन्धी पत्र, मन्त्रिपरिषद् हेरफेरसम्बन्धी सूचना तथा विभिन्न कार्यसूची प्रस्तुत गरिनेछ। साथै सरकारले जारी गरेका ८ वटा अध्यादेश पनि संसदमा पेस हुनेछन्। राष्ट्रपतिबाट नीति तथा कार्यक्रम प्रस्तुत हुने संयुक्त बैठकमा सांसदहरूलाई अपराह्न ३:४५ बजेअघि उपस्थित हुन संसद् सचिवालयले अनुरोध गरेको छ।

### निर्वाचन आयोगले विधेयक मस्यौदा छलफल अघि बढायो

दमक। निर्वाचन आयोगले राजनीतिक दललाई छलफलमा बोलाएको छ। निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदामा छलफल गर्न आयोगले दलहरूलाई बोलाएको छ। नयाँ ऐनबारे छलफल गर्न दलहरूलाई आज बिहान ११:३० मा छलफलमा बोलाएको हो। सातवटा ऐनलाई एकीकृत गरी आयोगले २०८० असार १८ गते विधेयकको मस्यौदा सरकारलाई पठाएको थियो। उक्त विधेयक लामो समय गृह मन्त्रालयमा थन्कियो।

# सुकुम्बासीको स्थायी समाधान खोज्दै सरकार

**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले वर्षौंदेखि समाधान हुन नसकेको सुकुम्बासी समस्या स्थायी रूपमा समाधान गर्ने दिशामा सरकार अघि बढिरहेको बताएका छन्। राजधानीमा आयोजित पार्टीका सांसदहरूको प्रशिक्षण कार्यक्रममा बोल्दै उनले कसैलाई पनि घरबारविहीन नबनाई व्यवस्थित समाधान खोजिने दाबी गरे।

लामिछानेले विगतका सरकारहरूले सुकुम्बासी समस्यालाई समाधानभन्दा पनि “भोट बैंक”का रूपमा प्रयोग गरेको आरोप लगाए। उनले अहिलेको सरकारले आयोगमार्फत वास्तविक सुकुम्बासीको पहिचान गर्दै दीर्घकालीन समाधानको प्रक्रिया अघि बढाएको बताए। “हामीले सुकुम्बासी समस्या समाधान गर्न खोजिरहेका छौं। यो समस्या आज पैदा भएको होइन, दशकौंदेखि राजनीतिक दलहरूले भोटका लागि जोगाइराखेको विषय हो,” उनले भने, “कुनै पनि नागरिकलाई बेघरबार बनाइँदैन। अधिकार नपाएसम्म हामी छाती थापेरै उभिन्छौं।”

उनले जोखिमयुक्त खोलाकिनार तथा अव्यवस्थित बसोबास व्यवस्थापन गर्न सरकारले कदम चालेको उल्लेख गर्दै त्यसलाई गलत रूपमा प्रचार गरिएको गुनासो गरे। केही स्थानमा राजनीतिक स्वार्थका कारण जनतालाई भड्काउने प्रयास भइरहेको उनको आरोप थियो। “हामीलाई मुर्दावाद भन्नुस्, त्यो स्वीकार्छौं। तर नागरिकलाई अधिकार दिने कामबाट पछि हट्दैनौं,” लामिछानेले भने, “समाधान अझ व्यवस्थित हुन सक्थ्यो होला, तर हाम्रो उद्देश्य कसैलाई दुःख दिने होइन, स्थायी समाधान गर्ने हो।”

बाँकी ४ पेजमा

## च्याउ खाएर ११ जना बिरामी

**बाह्रदशी/** झापाको बाह्रदशी गाउँपालिका-२ बुट्टाबारीमा जंगली च्याउ खाएर ११ जना बिरामी परेका छन् । आइतबार बिहान करिब १० बजे स्थानीय तेजबहादुर खवासको घरमा जंगलबाट ल्याएको च्याउ पकाई खाँदा उनीहरु बिरामी भएका हुन् । बिरामी पर्नेहरुमा ५० वर्षीया कमलामाया खवास, ३१ वर्षीय डिल्ली खवास र २० वर्षीया अनिता खवासलगायत अन्य ८ जना बालबालिका रहेका छन् । बिरामीहरूलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल भद्रपुर पुऱ्याइएको थियो ।

प्रादेशिक अस्पतालमा प्रारम्भिक उपचारपश्चात थप उपचारका लागि ९ जनालाई दमकस्थित बाल अस्पताल रिफर गरिएको छ । बिरामीमध्ये २ जनाको अवस्था मध्यम र अन्यको अवस्था सामान्य रहेको छ ।

## सडक विस्तारका क्रममा हटाईयो मुक्तिचोक स्तम्भ

**विर्तामोड/** झापा बिर्तामोडको एउटा चिनारीको रूपमा रहेको मुक्तिचोकको स्तम्भ भत्काइएको छ । मुक्तिको प्रतिकका रूपमा रहेको स्तम्भ शनिबार राती भत्काइएको हो ।

एसियन हाइवे निर्माणका लागि मुक्तिचोक स्तम्भ भत्काएको हो । २०६६ साल बैशाख ६ गते स्तम्भको उद्घाटन गरिएको थियो । स्तम्भ भएकै ठाउँमाथि एसियन हाइवेको ओभर ˆ लाई निर्माण गरिने काँकरभिट्टा-लौकही सडक पूर्वी खण्ड आयोजनाका प्रतिनिधिहरूले जानकारी दिएका छन् । १६ वर्षअघि उद्घाटन गरिएको स्तम्भ एसियन हाइवेको ओभर ˆ लाई निर्माण गर्ने योजनासँगै हटाएको हो । एसियन हाइवेको संरचना निर्माण गर्दा मुक्तिचोकको स्तम्भ हटाउनुपर्ने

बाँकी ४ पेजमा

## प्रचण्डको आशंका

**काठमाडौं/** नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले नेपालमा कम्युनिष्ट आन्दोलन सखाप पार्न देशी-विदेशी प्रतिक्रियावादी शक्तिहरू सक्रिय रहेको आशंका गरेका छन्।

२६ औं निर्मल लामा स्मृति दिवसका अवसरमा आइतबार काठमाडौंमा आयोजित कार्यक्रममा उनले कम्युनिष्ट आन्दोलनमाथि ठूलो डिजाइन अन्तर्गत आक्रमण भइरहेको बताएका हुन्। प्रचण्डले कम्युनिष्ट दलहरूले आत्मसमीक्षा गर्दै कमजोरी सच्याउनुपर्ने र सम्पूर्ण कम्युनिष्ट आन्दोलनलाई पुन: एकताबद्ध गरेर अघि बढ्नुपर्ने आवश्यकता औँल्याए। उनले जनताले पनि सबै कम्युनिष्ट शक्तिहरू एकजुट भएको देख्न चाहेको बताए। “यो सत्यलाई स्वीकार गरेर अघि बढ्ने आँट नगरे श्रमजीवी वर्ग र जनताको आकांक्षाप्रति घात हुन्छ,” उनले भने।

## ऋणीलाई ऋण चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०८३ वैशाख २८ गते

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित व्यक्तिले उपभोग गर्नु भएको ऋणको समय समयमा बुझाउनु पर्ने किस्ता रकम सांवा, ब्याज र हर्जना सम्बन्धित अन्य दै दस्तुर तिर्न बुझाउनका लागि पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरि नबुझाई ऋण उपभोगका लागि यस संस्थासंग गर्नुभएको लिखित तमसुक तथा शर्त सम्झौताको उल्लंघन गर्नु भएकोले यो सुचना प्रकाशित गरिएको छ। सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा सम्पर्क राखि आफुले लिएको ऋणको सम्पुर्ण सांवा, ब्याज र हर्जना दै-दस्तुर बाँकी बक्यौता रकम चुक्ता गर्नुहोला। तोकिएको समय अवधिभित्र दै-दस्तुर चुक्ता नगरे संस्थाको विनियम २०६३ (पुर्नलेखीत२०८०), सहकारी ऐन २०७४, सहकारी नियामावली २०७५ तथा प्रचलित ऐन कानुन बमोजिम यस सहकारी संस्थाको नाममा ऋण सुरक्षण अर्न्तगत धितोमा रहेको तपसिलमा उल्लेखित जायजेथा (चल अचल सम्पत्ति) लिलाम बिक्री तथा अन्य आवश्यक व्यवस्था गरी संस्थाको सम्पुर्ण लेना रकम असुल उपर गरिनेछ।

| क्रस | सदस्य नं. | सदस्यको नाम, थर | नागरिकता नं. | ठेगाना | बुवाको नाम | श्रीमानको नाम |
|---|---|---|---|---|---|---|
| १ | २०५७ | रोस्नी खत्रि अग्रवाल | ०५-०२-७५-०१६१४ | उर्लाबारी-७ | तेज ब. क्षेत्री | नरेस अग्रवाल |
| २ | ४४६ | सन्तोसी श्रेष्ठ | १४०८४/३१ | उर्लाबारी-७ | डिल्लीराम श्रेष्ठ | इनद्रकमल श्रेष्ठ |
| ३ | २९४७ | सीता गुरुङ | १८४४३/२२८ | उर्लाबारी-९ | खडग ब. गुरुङ | हेमराज गुरुङ |
| ४ | २३९६ | चित्रकुमारी श्रेष्ठ | ९/१८९ | मिक्लाजुङ-९ | तिलक बहादुर श्रेष्ठ | नरेन्द्र जोसी |
| ५ | २७९० | सीताकुमारी बिश्वकर्मा | ०५-०२-७२-०१९५१ | मिक्लाजुङ-९ | अम्बरबहादुर सुनार | राजु बिश्वकर्मा |
| ६ | २४९६ | मोतिसरा राना | ६४१०३४/८३३४१ | मिक्लाजुङ-६ | रण बहादुर राना | सन्तोस राई |
| ७ | २४८६ | शर्मीला जोसी | ०५२०४३-४७७ | मिक्लाजुङ-६ | बुद्धिमान नेवार | बालकृष्ण जोसी |
| ८ | २७७० | नारायणी भट्टराई | ०५२००४/१३२९४ | रतुवामाई १० | अग्नी प्रसाद अधिकारी | बिमल भट्टराई |
| ९ | २५१८ | शोभा लिम्बु | ०५२०४३/९६११ | मिक्लाजुङ-६ | अग्नी प्रसाद श्रेष्ठ | भरत लिम्बु |
| १० | २०४४ | सञ्जु पुरी | ०५२०४९/२०८८४ | रतुवामाई १० | पुण्य प्रसाद पौडेल | सन्तोस पुरी |
| ११ | २८७९ | गोमा देबी कार्की | ४२१३९०/४१३ | उर्लाबारी-८ | डम्बर ब. कार्की | बिजय थापा |
| १२ | २४९४ | विविका गौतम | २८३/४४८ | मिक्लाजुङ-९ | कर्ण बहादुर गौतम | नथुनी चौधरी |
| १३ | ८१९ | भुमाकुमारी गौतम | ११२१३/३६२ | उर्लाबारी-७ | भवानी प्रसाद गौतम | लक्ष्मी प्रसाद दाहाल |
| १४ | २७०२ | लिला तामाङ | ०५-०२-७३-०३४७४ | रतुवामाई १० | आईतसींह तामाङ | बिरमान तामाङ |

**नारी संकल्प बचत तथा ऋण सहकारी संस्था लि.**
उर्लाबारी-७, मोरङ

## दोश्रो दमक खेलकुद महोत्सव-२०८३ सम्बन्धी सार्वजनिक सूचना

दमक नगरपालिका अन्तर्गत दमक नगर खेलकुद विकास समितिको आयोजनामा निम्न मिति, समय र स्थानमा

**दोश्रो दमक खेलकुद महोत्सव-२०८३**

को भव्य आयोजना हुन गइरहेकोले खेलप्रेमी तथा सम्पूर्ण दमक नगरवासी महानुभावहरुमा उपस्थित भइ खेलको शोभा बढाइदिन हुन र आवश्यक सकारात्मक सहयोगका लागि यसै सूचनाद्वारा जानकारी सहित अनुरोध गरिन्छ ।

- उद्घाटन : मिति २०८३ वैशाख २८ गते
- स्थान : दमक नमुना व्याडमिन्टन एकेडेमी, दमक-७ झापा
- समापन : मिति २०८२ वैशाख ३० गते
- स्थान : आम्बारी खेल मैदान, दमक-१०

खेलका विधाहरु : **भलिबल, फुटबल, क्रिकेट, व्याडमिन्टन, चेस, एथ्लेटिक्स, कराते,** ITF **तेक्वान्दो,** WTF **तेक्वान्दो गरी जम्मा नौ विधा ।**

विधागत खेल संयोजकको विवरण :

| क्रस | सम्पर्क व्यक्ति | खेल विधा | मोवाइल नं. |
|---|---|---|---|
| १ | मोहन मगर | फुटबल | ९८५२६७०३१० |
| २ | भिष्म उप्रेती | भलिबल | ९८२५९९५५९५ |
| ३ | भीम भट्टराई | क्रिकेट | ९८५२६७०४१४ |
| ४ | प्रकाश राई | व्याडमिन्टन | ९८५२६२६२२२ |
| ५ | भूपेन्द्र निरौला | चेस | ९८५२६२२७५५ |
| ६ | रेशा लिम्बू | कराते | ९८१७०४६०७२ |
| ७ | नविन तामाङ | ITF तेक्वान्दो | ९८४०९२२१६७९ |
| ८ | जितु धिमाल | WTF तेक्वान्दो | ९८४२६५१४३३ |
| ९ | कृष्णराज दाहाल | एथलेटिक्स | ९८५२६४८०४८ |






**दमक नगरपालिका**
नगरकार्यपालिकाको कार्यालय, दमक–झापा

# सम्पादकीय

## खेल संस्कृतिको विकास जरुरी

दमक अहिले खेलकुदमय बनेको छ । नगरपालिकाले आयोजना गरेको दोस्रो खेलकुद महोत्सवसँगै नगरका विभिन्न क्षेत्रमा खेल गतिविधि तीव्र बनेका छन् । फुटबल, भलिबल, क्रिकेट, एथलेटिक्सदेखि विभिन्न परम्परागत तथा आधुनिक खेलकुद प्रतियोगिताले नगरको वातावरण नै उत्साहपूर्ण बनाएको छ । यसले खेलाडी, प्रशिक्षक, विद्यार्थी र खेलप्रेमी नागरिकलाई एउटै भावनामा जोडेको छ । विशेषगरी स्थानीय स्तरमा लुकेर रहेका प्रतिभावान खेलाडीहरुलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्राप्त भएको छ ।

खेलकुद केवल मनोरञ्जन वा समय बिताउने माध्यम मात्र होइन । यो राष्ट्रको पहिचान, गौरव र प्रतिष्ठासँग प्रत्यक्ष जोडिएको क्षेत्र हो । आज विश्वका धेरै राष्ट्रहरु खेलकुदकै माध्यमबाट अन्तर्राष्ट्रिय स्तरमा चिनिएका छन् । कुनै पनि खेलाडीले अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलता हासिल गर्दा त्यसले सम्पूर्ण देशको शिर उँचो बनाउने काम गर्छ । त्यसैले खेलकुदलाई केवल खर्चिलो वा अनुपादक क्षेत्रका रुपमा हेर्ने सोच परिवर्तन गर्न आवश्यक छ । खेलकुदमा गरिएको लगानी वास्तवमा स्वस्थ, अनुशासित र सक्षम नागरिक निर्माणको लगानी हो ।

खेलकुदले युवालाई सकारात्मक मार्गतर्फ डोऱ्याउँछ । अहिलेको समयमा युवापुस्तामा बढ्दो कुलत, हिंसा र निराशालाई नियन्त्रण गर्न खेलकुद प्रभावकारी माध्यम बन्न सक्छ । नियमित खेल गतिविधिमा सहभागी हुने व्यक्तिमा अनुशासन, सहकार्य, नेतृत्व क्षमता र आत्मविश्वासको विकास हुन्छ । साथै शारीरिक र मानसिक स्वास्थ्य सुदृढ हुने भएकाले स्वस्थ समाज निर्माणमा पनि खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ ।

स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले खेल क्षेत्रलाई प्राथमिकतामा राखेर दीर्घकालीन योजना बनाउन आवश्यक छ । गाउँदेखि राष्ट्रिय स्तरसम्म खेल पूर्वाधार निर्माण, नियमित प्रतियोगिता सञ्चालन, दक्ष प्रशिक्षक उत्पादन तथा खेलाडीलाई आवश्यक सुविधा उपलब्ध गराउन सके मात्रै खेलकुद क्षेत्रले अपेक्षित उपलब्धि हासिल गर्न सक्छ । अझ विद्यालय तहदेखि नै खेल संस्कृतिको विकास गर्न सके भविष्यमा उत्कृष्ट खेलाडी उत्पादन गर्न सहज हुनेछ ।

त्यस्तै, राष्ट्रका लागि आफ्नो जीवन समर्पण गरेका खेलाडीहरुको सम्मानजनक जीवनयापन सुनिश्चित गर्नु पनि उत्तिकै आवश्यक छ । धेरै खेलाडीहरुले देशका लागि योगदान गरे पनि भविष्य असुरक्षित हुने चिन्ताका कारण खेल क्षेत्रबाट टाढिने अवस्था देखिन्छ । खेलाडीका लागि सामाजिक सुरक्षा, बीमा, रोजगार तथा सम्मानजनक जीवन निर्वाहको नीति निर्माण गर्न सके उनीहरु अझ समर्पित भएर खेल क्षेत्रमा लाग्न सक्नेछन् ।

त्यसैले दमकमा सुरु भएको खेलकुदमय वातावरणलाई केवल प्रतियोगितामा सीमित नराखी दीर्घकालीन खेल संस्कृतिका रुपमा विकास गर्न आवश्यक छ । यसले स्थानीय प्रतिभाको उजागर मात्र होइन, समग्र राष्ट्रको भविष्य निर्माणमा समेत महत्वपूर्ण योगदान पुऱ्याउनेछ ।

# बेद र 'दृष्टिहिन'हरूको स्वर्ग



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

> कस्तो बेद पढ्दा यस्तो बुद्धि आउँछ हउ ? सभ्य हुन मन नलाग्ने बेद । यही बेदलाई लेखिका डङ्ग थु होङ्ग ले 'अन्धाहरूको स्वर्ग' भनेकी रहिछन् ।

मलाई अचेल एउटा उपन्यासको कथाले हँसाउँछ । भियतनामकी चर्चित लेखिका डङ् थु होङ् को उपन्यास 'प्याराडाइज अभ द ब्लाइन्ड' (दृष्टिहिनहरूको स्वर्ग) ले समय समयमा यो समयको स्मरण गराइरहन्छ । अनि मरूञ्जेल हसाउँछ । हसाउँछ पनि के भन्नु, खासमा रुवाउँछ ।

**के छ, त यो उपन्यासमा ?**

कथाको प्रारम्भ हाङ नामकी एक युवती भियतनामी महिलाबाट हुन्छ, जो रूसको एउटा कपडा कारखानामा काम गर्छे । एक दिन उसले आफ्ना मामालाई भेट्न आउनू भन्ने खबर पाउँछे । नचाहँदा नचाहँदै पनि हजारौं माइल लामो यात्रा गरेर मस्को लाग्छे । हाङ आफ्ना मामाप्रतिको वितृष्णा र घृणालाई सम्झिन्छे, अनि आफ्ना परिवारको विगतका ती घटनाहरूलाई पनि सम्झिन्छे, जसले उसलाई यो अवस्थासम्म ल्याइपुरूऱ्याएका हुन् । यात्रामा हाङ बारम्बार भियतनामस्थित आफ्ना विगतका सम्झनाहरूमा डुबिरहन्छे । उसको बिगतले घोचिरहन्छ उसलाई ।

हाङकी मावलका हजुरबाआमाको निधन ऊ सानै हुँदा भएको थियो, जसका कारण उसकी आमा र मामा टुहुरा बनेका थिए । हाङका मामा चिन्ह लाई परिवारका एक मित्रले आश्रय दिए र फेरि कम्युनिस्ट सेनामा पठाए । युद्धबाट फर्किंदा उनकी बहिनी (हाङकी आमा) ले छिमेकी तानसँग विवाह गरिसकेकी थिइन् । उनीहरु धनी थिएनन् ।

युद्धबाट फर्किएपछि चिन्ह कम्युनिस्ट शासनको एक प्रभावशाली अधिकारी बनेका थिए र किसानहरूलाई जमिन पुनर्वितरण गर्ने अभियानमा सक्रिय थिए । उनले हाङका बुबा तान र उनको परिवारलाई घरबाट निकाला गरिदिए । त्यसपछि उनीहरूको जमिन अरूलाई बाँडिदिए र आफ्नी बहिनीलाई तानसँगको वैवाहिक सम्बन्ध तोड्न आदेश दिए । अपमान र लज्जाले ग्रस्त तान गाउँ छोडेर हिंडे । केही समयपछि सरकारले 'त्रुटि सच्याउने' अभियान सुरू गरूऱ्यो, जसअन्तर्गत पहिल्यै किसानलाई बाँडिएको जमिन पुनः पुराना जमिनधनीलाई फिर्ता दिन थालियो । एक साँझ गाउँलेहरु रिस र प्रतिशोधको भावनाले हाङकी आमाको घरमा आए । उनीहरु उनका दाजुले गरेको अन्यायको बदला चाहन्थे । भयभीत भई उनी हानोईतर्फ पलायन गरिन् ।

हाङकी आमा दस वर्षसम्म हानोईमा बसिन् । एक दिन अचानक उनका पति तान त्यहाँ आइपुगे । क्षणिक वासनाको आवेगमा उनीहरूबीच सम्बन्ध स्थापित भयो र त्यसैबाट हाङको गर्भाधान भयो । तर तान त्यसबेला अर्को गाउँमा अर्की महिलासँग विवाहित भइसकेका थिए । अपराधबोध र लज्जाले ग्रस्त भएर उनी गाउँ फर्किए र अन्ततः आत्महत्या गरे ।

हानोईमा हाङ आफ्नी आमासँग अत्यन्त गरिबीमा हुर्किन्छे । उसकी आमा सडकमा नास्ता बेचेर जीविका चलाउँछिन् । हाङलाई आफ्ना बुबाका बारेमा केही थाहा हुँदैन । जब उनीहरु मामाका लागि घर बेचेर आएको रकम लिन गाउँ जान बाध्य हुन्छन् । गाउँको त्यो पहिलो यात्रामा हाङले आफ्नी फुपू तामलाई भेट्छे । फुपू पनि वर्षौंसम्म कठिन परिश्रम र अनिदो जीवन बिताएर आफ्नो अस्तित्व पुनर्निर्माण गरेकी थिइन् । उनले ठूलो सम्पत्ति आर्जन गरिसकेकी थिइन् । समाजमा सम्मानित पनि थिइन् । उनी हाङलाई अत्यन्त माया गर्थिन् । र आफ्ना दाजुको रगतको नातालाई सम्मान गर्न जे पनि गर्न तयार थिइन् । तर उनले हाङकी आमाप्रति भने गहिरो रिस र तिक्तता पालेर राखेकी थिइन्, किनभने उनले आफ्ना दाजुलाई समर्थन गरेकी थिइन्, जसका कारण दुवै परिवारले अपमान र पीडा भोग्नुपरेको थियो ।

मामा चिन्हका दुई सन्तान थिए र उनीहरु हानोईको कम्युनिस्ट आवासीय भवनमा बस्थे । हाङकी आमालाई उनीहरूप्रति दया लाग्थ्यो, किनकि उनीहरु आफ्नै रगतका थिए । त्यसैले उनी उनीहरूको सहायता गर्नु आफ्नो कर्तव्य ठान्थिन् । चिन्ह र उनकी पत्नी कम्युनिस्ट पार्टीका उच्च पदाधिकारी भए तापनि, उनीहरु हाङकी आमाले दिएको खाद्यान्न र पैसाका विलासी उपहारहरु सहजै लिन्थे । यस क्रममा हाङकी आमाले आफ्नै जीवन र छोरीको हेरचाहभन्दा बढी त्याग गर्न थालिन् । उता फुपू तामले हाङलाई चाहिएको सबै कुरा किनिदिने वाचा गरिन् । यसै कारण हाङ र उनकी आमाबीचको सम्बन्ध क्रमशः कमजोर बन्दै गयो ।

पछि हाङकी आमा एक भीषण दुर्घटनामा परिन्, एउटा खुट्टा गुमाइन्, त्यसपछि हाङले विश्वविद्यालयको अध्ययन त्यागेर आमाको जीविकोपार्जनमा सहयोग गर्न थालिन् । फुपू तामले भने हाङकी आमालाई कुनै सहायता गर्न अस्वीकार गरिन् । भियतनामको कठिन आर्थिक अवस्थाका कारण हाङ 'निर्यात श्रमिक' को रूपमा सोभियत संघ गइन् र त्यहाँ कपडा कारखानामा काम गरेर पैसा कमाउन थालिन् ।

पछि फुपू ताम गम्भीर बिरामी भएर मृत्युशय्यामा पुगेपछि हाङ गाउँ फर्किन्छे । मृत्यु हुनुअघि फुपूले आफ्नो सम्पूर्ण सम्पत्ति हाङलाई सुम्पिन्छिन् । उनले हाङसँग कहिल्यै गाउँ नछोड्ने र पुर्खाहरूको सम्मान गर्दै यही घरमा बसिरहने वाचा पनि गराउँछिन् । तर हाङ भने त्यो गाउँ र त्यससँग गाँसिएका अन्धकारमय स्मृतिहरूबाट धेरै टाढा जान चाहन्थी । अन्ततः उसले आफ्नो वाचा तोडी र अतीतले पछ्याउन नसक्ने कुनै टाढाको स्थानमा नयाँ जीवन सुरू गर्ने निर्णय गरि ।

कथा यत्ति हो ।

अब प्रश्न उठ्छ, यति धेरै आर्थिक अवस्था बन्दा पनि हाङ आफ्नै पुर्ख्यौली थाकथलो छाडेर अज्ञात दिसातर्फ किन लागिन् ? आफ्नै मामा पनि कम्युनिस्ट पार्टीको 'ठूलो मान्छे' भएपछि कसरी निर्दयी बनेर आफ्नै परिवारलाई हैरान दिन थाल्यो ? यी सबैको उत्तर हो : शक्ति उन्माद, निरंकुश र जनउत्तरदायीबिहीन राजनीतिको छाँयाँमा बाँच्न कठीन हुन्छ भन्ने सन्देश पनि हो यो ।

मामा चिन जस्ता ढोंगी कम्युनिस्ट नेताहरु आफ्नो स्वार्थका लागि आफ्नै परिवारमाथि पनि जाइलागेर तिनलाई भीखारी बनाउन पनि सक्दा रहेछन् भन्ने पनि हो । हाङ युवा पींढिको सपना पनि हो जो स्वतन्त्रता र संबृद्धि खोज्न जस्तोसुकै अवस्थामा पनि तयार हुन्छन् भन्ने पनि हो । अनि यथास्थितिमा बाँच्न युवा समुदाय चाहँदैन भन्ने पनि हो । संपत्तिको लोभले पनि यहाँ काम गर्दैन । जस्तो कि हाम्रामा हुनेखानेका छोराछोरी नै बिदेश जान किन चाहन्छन् भन्ने प्रश्नको उत्तर यही उपन्यास हो । हिजोको नेपाली राजनीतिले हाङलाई थाकथलो छोड्न बाध्य पारेजस्तो युवा नेपालीहरूलाई बिदेशिन बाध्य पारेकै हो । अब उप्रान्त कुनै पनि नेपाली युवा हाङ नबनुन् भन्ने हो । तर ५ बर्षको लागि नजादेश पाएको सरकार बनेको भोलिपल्टैबाट सरकारको बिरुद्धमा मान्छेलाई भड्काएर सडकमा उतारिन्छ । के अब नेपाली युवाहरूले बिगत पैतिस बर्षमा जस्तै हाङ बनिरहनु पर्छ भनेर फेरि माग गरेको हो ? हजुरबा पनि सुकुम्बासीमा बसे, त्यही परिचयमा बाँचे । बाबु पनि त्यहीं बसे, त्यही परिचयमा बाँचे । छोराछोरी पनि त्यहीं जन्माए, अहिले त्यही सुकुम्बासीको परिचयमा बाँचिरहेका छन् । पुस्तौं पुस्ता मान्छे सुकुम्बासी बनिरहन चाहेको हो ? कस्तो बेद पढ्दा यस्तो बुद्धि आउँछ हउ ? सभ्य हुन मन नलाग्ने बेद । यही बेदलाई लेखिका डङ् थु होङ् ले 'अन्धाहरूको स्वर्ग' भनेकी रहिछन् ।

**साँचि सुकुम्बासी बस्ती स्वर्ग नै हो ?**

आजकल हो भन्ने उत्तर आइरहेको देखिन्छ । हो भने अब भन्नु केही पनि छैन । - दमक, झापा



दयाराम कट्टेल

# प्रधानन्यायाधीश सिफारिस विवाद : न्यायलय सुधार कि सेटिङ

प्रधानन्यायाधीश सिफारिससँग सम्बन्धित पछिल्लो विवादले नेपालको न्यायपालिका, राजनीति र संवैधानिक अभ्यासबारे नयाँ बहस जन्माएको छ । सर्वोच्च अदालतका न्यायाधीश डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरिएपछि वरीयता मिचिएको भन्दै आलोचना सुरू भएको हो । विशेषगरी पूर्वप्रधानन्यायाधीश तथा पूर्वप्रधानमन्त्री सुशीला कार्कीले सार्वजनिक रूपमा असन्तुष्टि जनाएपछि यो विषय थप राजनीतिक रंगमा देखिएको छ ।

नेपालको न्यायिक परम्परामा वरिष्ठतम न्यायाधीशलाई प्रधानन्यायाधीश बनाउने अभ्यास लामो समयदेखि रहँदै आएको छ । तर संविधानले यसलाई बाध्यकारी व्यवस्था भने बनाएको छैन । संवैधानिक परिषद्ले सिफारिस गर्ने र संसदीय सुनुवाइपछि नियुक्ति हुने व्यवस्था भएकाले वरीयता मात्रै अन्तिम आधार होइन भन्ने तर्क पनि उठ्ने गरेको छ । यही कारणले अहिले डा. शर्माको सिफारिसलाई कतिपयले "संवैधानिक अधिकारको प्रयोग" भनेका छन् भने अर्कोतर्फ "न्यायालयमा राजनीतिक हस्तक्षेप" को संज्ञा दिएका छन् ।

यस विवादमा एउटा महथ्वपूर्ण प्रश्न उठेको छ—यदि प्रधानन्यायाधीश स्वतः वरिष्ठताकै आधारमा बन्ने हो भने संवैधानिक परिषद्, सिफारिस प्रक्रिया र संसदीय सुनुवाइ किन आवश्यक भयो ? यही प्रश्नलाई आधार बनाएर केहीले अहिलेको निर्णयलाई "स्थिर शक्ति संरचना तोड्ने प्रयास" का रूपमा व्याख्या गरेका छन् । उनीहरूको तर्क छ कि न्यायालयभित्र वर्षौंदेखि निश्चित समूह र शक्ति सन्तुलनका आधारमा नेतृत्व चयन हुने प्रवृत्ति थियो, जसलाई अहिले चुनौती दिइएको हो ।

यस सन्दर्भमा जेनजी आन्दोलन र त्यसले नेपाली राजनीतिमा ल्याएको परिवर्तनसँग पनि तुलना गरिएको छ । विगतमा राजनीतिक दलहरूबीच आलोपालो र भागबन्डाको अभ्यास बलियो थियो । प्रधानमन्त्रीदेखि संवैधानिक नियुक्तिसम्म "रोलक्रम" को चर्चा हुन्थ्यो । तर नयाँ राजनीतिक परिस्थितिले ती स्थापित अभ्यासहरूलाई चुनौती दिएको दाबी गरिन्छ । यही मनोविज्ञान न्यायालयमा पनि लागू



गरिएको टिप्पणीहरु सार्वजनिक भइरहेका छन् । पूर्वप्रधानमन्त्री सुशीला कार्कीको अभिव्यक्तिले भने विवादलाई थप व्यक्तिगत र भावनात्मक बनाएको देखिन्छ । एक कार्यक्रममा सञ्चारकर्मीको "आमा दर्शन" भन्ने सम्बोधनपछि उनले "बालेनको श्रीमतीलाई आमा भन" भनेको भिडियो सामाजिक सञ्जालमा भाइरल बन्यो । कतिपयले यसलाई सामान्य व्यंग्यात्मक प्रतिक्रिया माने भने कतिपयले प्रधानमन्त्री बालेन्द्र शाहप्रतिको असन्तुष्टि भनेर अर्थ लगाए । यससँगै सामाजिक सञ्जालमा कार्कीमाथि व्यक्तिगत स्वार्थसँग जोडिएका आरोपहरु पनि उठ्न थाले ।

केहीले उनका निकट व्यक्तिहरूको नियुक्ति वर्तमान सरकारले खारेज गरेपछि उनी आक्रोशित बनेको दाबी गरेका छन् । तर यस्ता आरोपहरु राजनीतिक व्याख्या र व्यक्तिगत धारणा पनि हुन सक्छन्, जसलाई तथ्यको रूपमा स्थापित गर्न सावधानी आवश्यक हुन्छ ।

अर्कोतर्फ, डा. मनोजकुमार शर्मा अपेक्षाकृत स्वतन्त्र र निष्पक्ष छवि भएका न्यायाधीशका रूपमा चिनिन्छन् भन्ने धारणा पनि सार्वजनिक बहसमा सुनिन्छ । यदि उनले न्यायपालिकाभित्रको विकृति, ढिलासुस्ती र राजनीतिक प्रभाव कम गर्न सफल भए भने अहिलेको विवाद भविष्यमा "सुधारको सुरूवात" का रूपमा पनि स्मरण हुन सक्छ । तर यदि नियुक्ति केवल शक्ति संघर्षको अर्को रूप मात्र साबित भयो भने यसले न्यायपालिकामाथिको जनविश्वास अझ कमजोर बनाउने जोखिम पनि उत्तिकै छ । न्यायपालिका लोकतन्त्रको अन्तिम भरोसा मानिन्छ । त्यसैले प्रधानन्यायाधीश नियुक्ति केवल व्यक्ति चयनको विषय होइन, न्यायिक स्वतन्त्रता, पारदर्शिता र संस्थागत विश्वसनीयतासँग जोडिएको विषय हो । अहिले देखिएको बहसले एउटा कुरा स्पष्ट पारेको छ—नेपालमा न्यायालयलाई पूर्ण रूपमा राजनीतिक प्रभावबाट मुक्त राख्ने चुनौती अझै बाँकी छ ।

अत्याधुनिक प्रविधिद्धारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

# प्रकृतिप्रेमीहरुको आकर्षण बन्दै 'प्रकृति पार्क'



**मेचीनगर/** झापाको मेचीनगर नगरपालिका–४ बाहुनडाँगीमा निर्माण गरिएको 'प्रकृति पार्क' पछिल्लो समय नयाँ पर्यटकीय गन्तव्यका रूपमा परिचित बन्दै गएको छ । मानव–हात्ती द्वन्द्वबाट लामो समयदेखि प्रभावित यस क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले वडाध्यक्ष तथा संरक्षण अभियन्ता अर्जुन कार्कीको पहलमा तीन वर्षअघि करिब रु ४२ लाखको लगानीमा पार्क निर्माण गरिएको हो । मेची नदीको किनारमा फैलिएको यो पार्क अहिले प्रकृतिप्रेमी, अनुसन्धानकर्ता तथा आन्तरिक एवं भारतीय पर्यटकहरुको आकर्षणको केन्द्र बनेको छ ।


एक बिघा क्षेत्रफलमा फैलिएको पार्कमा हात्ती र चराचुरुङ्गीका प्रतिमा, फूलबारी, चौतारो, जलधारा तथा हरियालीयुक्त वातावरण बनाइएको छ। पार्कको मुख्य आकर्षण हात्तीको सुँडबाट बगेझैं देखिने २२ वटा झरना हुन् । साथै, दक्षिणतर्फको खोला बगरमा थप हरियाली विस्तार गर्न जङ्गलसमेत हुर्काइएको छ । पार्कमा सयभन्दा बढी प्रजातिका फूल फुल्ने बिरुवा तथा हात्तीले मन पराउने 'इलिफेन्ट फ्रुट' लगायतका वनस्पति रोपिएका छन्। यसले हात्तीलाई बस्तीभन्दा खोला किनारमै अल्मल्याउने र मानव–हात्ती द्वन्द्व कम गर्ने अपेक्षा गरिएको छ ।

यो क्षेत्र भारतको लोहागढ जङ्गलसँग जोडिएको छ, जहाँबाट प्रत्येक साँझ ६० देखि १०० वटासम्म जङ्गली हात्ती नेपाल प्रवेश गर्छन् । त्यसैले पार्क हात्ती अवलोकन गर्ने महत्वपूर्ण स्थानका रूपमा समेत चिनिएको छ । यहाँ दुर्लभ चराचुरुङ्गीको पनि बसोबास रहेको संरक्षणकर्मीहरू बताउँछन् । पर्यटकहरुले यहाँ प्राकृतिक सौन्दर्यको आनन्द लिनुका साथै मानव–हात्ती द्वन्द्वबारे प्रत्यक्ष अध्ययन गर्ने अवसर पनि पाउँछन् । हरियाली, शीतल हावा, मेची नदीको फराकिलो बगर र पहाडको मनोरम दृश्यले पार्कलाई झन् आकर्षक बनाएको छ। वनभोज, घुमफिर, फोटो खिच्न तथा परिवारसँग समय बिताउन आउनेहरुको संख्या बढ्दै गएको स्थानीय बताउँछन् । पार्कमा स्वच्छ खानेपानी, नुहाउने झरना र विश्रामस्थलको सुविधा पनि उपलब्ध छ ।

यद्यपि, साँझ र बिहानको समयमा जङ्गली हात्तीको आवतजावत हुने भएकाले सुरक्षाको चुनौती भने कायम छ । गत वर्षको बाढीले पार्कमा क्षति पुऱ्याए पनि पुनःनिर्माणको काम भइरहेको छ। स्थानीय तहले सौर्य तारबार तथा तटबन्ध निर्माणमार्फत सुरक्षा व्यवस्थापन गर्दै बाहुनडाँगीलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने प्रयास गरिरहेको जनाएको छ ।

## कविता

### मुक्ति चोकको स्तम्भ



✍ लीला उदाशी

राती नै ढालिए छ
मुक्ति चोकको स्तम्भ
झिसमिसेमै उठेर
मुक्ति चोक गएँ
वरिपरि घुमेँ
अब कता स्तम्भ ?
कता मुक्ति ? कता चोक ?
भावुक भएँ
अतीत तर्फ गएँ ।
त्यस दिन
राम थापाको शाहदातको बाह्रौं दिन
विर्तामोडमा धेरै मानिस आएका थिए
पञ्चायत ढल्दै थियो
थुनिएका मानिस छुट्दै थिए
खाद्य संस्थानमा थुनिएका बन्दीहरु
छुटे ।
उनको सम्मानमा स्वागत गर्दै
मैले त्यहाँ उभिएर भनेको थिएँ
पञ्चायत ढल्दैछ
हामी पञ्चायतबाट मुक्त भयौं
यो मुक्ति चोक हो
त्यसै दिन देखी त्यो ठाउँलाई
मुक्ति चोक भनियो
र अगुवाहरुको पहलमा
क्रान्तिको प्रतीक स्तम्भ ठडिएको थियो ।
मलाइ त लाग्थ्यो
त्यो इतिहास थियो
आस्था थियो
प्रतीक थियो
थाहा छैन
त्यसलाई कसले कसरी बुझेको थियो ?
त्यो मुक्तिको इतिहास सभ्यता र अरु
पनि धेरै थियो ।
*(विर्तामोडको मुक्ति चोकमा रहेको स्तम्भ महेन्द्र राजमार्ग विस्तारका क्रममा शनिबार राती हटाइएको थियो )*

# झापामा जिल्ला स्तरीय निवन्ध प्रतियोगिता

**दमक/**नीता भेटवाल स्मृति प्रतिष्ठानले सामुदायिक विद्यालय तर्फको जिल्लास्तरीय निवन्ध प्रतियोगिता गराउने भएको छ । प्रतिष्ठानले आज एक विज्ञप्ति जारी गर्दै ठूलो धनराशीको प्रतियोगिता गराउन लागेको जानकारी दिएको हो । प्रतिष्ठानका अध्यक्ष उमानाथ ओलीका अनुसार माध्यमिक स्तर कक्षा ९ देखि १२ सम्मका विद्यार्थीबीच आयोजना गर्न लागेको यो प्रतियोगितामा प्रथम हुनेले रू. ७० हजार, द्वितीय हुनेले रू.५० हजार र तृतीय हुनेले रू. तीस हजार नगद पुरस्कार राशी पाउने छ ।

प्रतिष्ठानले दुई चरणमा प्रतियोगिता लेखन कार्यक्रम सञ्चालन गर्नेछ । पहिलो चरणमा झापाको पाँचवटै निर्वाचन क्षेत्रमा रहेका माविहरूबाट एक एक जना जेठ ९ गते हुने क्षेत्रीय प्रतियोगितामा सहभागी हुने र हरेक क्षेत्रबाट छनौट भएका उत्कृष्ट ३/३ जनालाई जिल्लास्तरीय प्रतियोगितामा सामेल गराइने छ । झापाका ५ वटा क्षेत्रबाट छनौट भई आएका उत्कृष्ट १५ जनाबीच हुने जिल्लास्तरीय प्रतियोगितामा सहभागी गराइने छ ।

त्यहाँबाट उत्कृष्ट प्रथम, द्वितीय र तृतीय बाहेक अन्य १२ जनालाई पनि आकर्षक सान्त्वना पुरस्कार प्रदान गरिने प्रतिष्ठानका अध्यक्ष ओलीले जारी गर्नु भएको विज्ञप्तिमा उल्लेख छ । पहिलो चरणको निवन्ध प्रतियोगिताको शीर्षक शान्तिका अग्रदूत गौतम बुद्धका उपदेशहरु रहने दोस्रो चरणको शीर्षक पहिलो चरणको नतीजा प्रकाशित भएपछि जानकारी गराउने अध्यक्ष ओलीले जानकारी दिनुभयो । जिल्ला स्तरीय प्रतियोगिता जेठ १६ गते बिर्तामोडस्थि कोहेड कलेजमा हुने छ ।

प्रतिष्ठानले सबै क्षेत्रमा प्रतियोगिता सञ्चालन गर्न केन्द्राध्यक्ष र सहजकर्ता, प्रतियोगिता स्थलको व्यवस्था गरेको छ । यसका साथै सबै पालिकाको शिक्षा शाखालाई समेत सहजिकरण गरिदिन प्रतिष्ठानले अनुरोध गरेको छ । प्रतिष्ठानको झापा क्षेत्र नम्बर १ ( मेचीनगर)– को प्रतियोगिता केन्द्र मेनपा ८ स्थित आदर्श मावि इटाभट्टा, क्षेत्र नम्बर २ ( अर्जुनधारा, बिर्तामोड र बुद्धशान्ति)–को प्रतियोगिता श्री देवी मावि बिर्तामोड, क्षेत्र नम्बर ३ ( भद्रपुर, कचनकवल, बाह्रदशी र हल्दीबारी)–को प्रतियोगिता हल्दीबारी मावि, क्षेत्र नम्बर ४ ( कनकाई, शिवसताक्षी, झापा)–को प्रतियोगिता कनकाई मावि सुरुङ्गा र क्षेत्र नम्बर ५ ( दमक, कमल, गौरादह, गौरीगञ्ज)–को लेखन प्रतियोगिता सरस्वती मावि इटाभट्टा–दमक र जनता मावि गौरादहमा हुने व्यवस्था गरेको छ । लेखन प्रतियोगिता झापा ५ वटै निर्वाचन क्षेत्रमा जेठ ९ गते समय ११ बजेदेखि १ बजेसम्म हुने विज्ञप्तिमा उल्लेख छ ।

प्रतियोगिता सञ्चालनको लागि प्रतिष्ठानले झापा क्षेत्र नम्बर १ बाट केन्द्राध्यक्ष लम्बोदर पौडेल र सहजकर्ता डा.ठाकुरप्रसाद पोखरेल, क्षेत्र नम्बरबाट केन्द्राध्यक्ष लीला प्रसाद अधिकारी र सहजकर्ता कृष्ण बराल, क्षेत्र नम्बर ३ बाट केन्द्राध्यक्ष चूडामणि बशिष्ठ र सहजकर्ता होम सुवेदी, क्षेत्र नम्बर ४ बाट केन्द्राध्यक्ष विष्णु प्रसाद कोइराला र क्षेत्र नम्बर ५ बाट केन्द्राध्यक्ष हेमनाथ अधिकारीलाई जिम्मेवारी दिएको विज्ञप्तिमा उल्लेख छ ।

# कोशी प्रदेशमा ४६.९ किलोमिटर पदमार्ग निर्माण

**झापा /** कोसी प्रदेशमा पदमार्गमा आधारित पर्यटन विकास परियोजना अन्तर्गत विभिन्न भौतिक पूर्वाधार निर्माण र प्रवर्द्धनात्मक गतिविधिहरूले तीव्रता पाएका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह र स्विस विकास सहयोगको साझेदारीमा सञ्चालित यस परियोजना मार्फत ४६.९ किलोमिटर पदमार्ग निर्माण तथा मर्मत कार्य सफलतापूर्वक सम्पन्न भएको छ ।

जसमा २१ कि.मि. लालीगुराँस पदमार्ग, ६.५ कि.मि. मुन्धुम पदमार्ग, १३ कि.मि. फाल्गुनन्द पदमार्ग र ६.४ कि.मि. चियाबारी पदमार्ग रहेका कोसी प्रदेश सरकार पर्यटन वन तथा वातावरण मन्त्रालयले जनाएको छ ।

पदमार्गलाई थप व्यवस्थित बनाउन चारवटै मार्गमा गरी जम्मा १३२ वटा परिधिय संरचनाहरु निर्माण गरिएका छन्। यस अन्तर्गत ढुङ्गाका बेन्च, कुर्सी, टेबल, राउण्ड टेबल, डस्टबिन, खानेपानी धारा, इन्टेक, सार्वजनिक शौचालय, विश्राम घर र चौताराहरु निर्माण भएको मन्त्रालयका सचिव डा. ईन्द्र सापकोटाले जानकारी दिए ।

सापकोटाका अनुसार, यी पूर्वाधार निर्माणका क्रममा ४ हजार दिन बराबरको रोजगारी सिर्जना भएको छ भने निर्माण कार्यलाई प्रभावकारी बनाउन ५८ वटा उपभोक्ता समितिहरु परिचालन गरिएका छन् ।

पर्यटन प्रवर्द्धनका लागि मुन्धुम अल्ट्रा ट्रेलर्स, रैथाने खाना महोत्सव, नाचोङ धामी महोत्सव, लालीगुराँस महोत्सव र चौरी महोत्सव जस्ता कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न भएका छन् । कोशी प्रदेश पर्यटन, वन तथा वातावरण मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो प्रगति विवरण अनुसार, प्रदेशका १४८ वटा पर्यटन विकास आयोजनाहरूलाई स्थानीय तहमार्फत कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरण गरिएको छ । मन्त्रालयले प्रशासनिक सुधार र विद्युतीय सुशासनलाई प्राथमिकता दिँदै मातहतका सबै निकायमा 'एकीकृत कार्यालय व्यवस्थापन प्रणाली' लागू गरेको जनाएको छ ।

# विष्णुपादुकामा लगाइएको पुराणको आयव्यय

✍ रोहित काफ्ले

**भद्रपुर/** झापाको भद्रपुर २ र ३ को दोभानमा रहेको ऐतिहासिक धार्मिकस्थल कीचकबध परिसरनजिक रहेको माताातीर्थ तथा विष्णु पादुका मन्दिरमा आयोजना गरिएको श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञको आय–व्यय सार्वजनिक गरिएको छ ।

सो मन्दिर पसिरमा यही बैशाख ६ गतेदेखि १३ गतेसम्म आयोजना गरिएको महायज्ञको आय–व्यय आज पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको हो ।

मन्दिर सञ्चालन समितिकी उपाध्यक्ष एवम् महायज्ञ मुल आयोजक समितिकी संयोजक तारादेवी सुवेदीको अध्यक्षतामा मन्दिर सञ्चालक समितिका सचिव काशीनाथ घिमिरेले सञ्चालन गरेको पत्रकार सम्मेलनमा सार्वजनिक गरिएको आय–व्यय विवरण अनुसार महायज्ञबाट विभिन्न शीर्षकमा १४ लाख ६४ हजार ७१० रुपैयाँ संकलन भएको छ भने महायज्ञ सञ्चालनार्थ ५ लाख छ हजार पाँच सय रुपैयाँ खर्च भएको छ ।

महायज्ञको वचत रकमबाट पुरानो दायित्व ५ लाख ३७ हजार एक सय रुपैयाँ पनि भुक्तानी गरिएको विवरणमा उल्लेख छ । सबै खर्च कटाएर संस्थासँग महायक्को वचत रकम ४ लाख २१ हजार रहेको जानकारी दिँदै मन्दिरका अध्यक्ष हेमप्रसाद खनालले अक्षयकोषका लागि संकलित रकम अक्षयकोषमा दाखिला गरेर बाँकी रकमले मन्दिर परिसरको सभाहलको भूईंमा टायल्स बिछ्याइने जानकारी दिए ।


**रबर स्ट्याम्प बनाउने ठाउँ**
**बिजि स्टेशनरी एण्ड छापाखाना**
दमक–६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०२४५२६


# प्रदुषणको मारमा स्थानीय र यात्रु



**बिराटनगर/** सुनसरी–मोरङ औद्योगिक कोरिडोरका उद्योगहरुले प्रदुषण नियन्त्रण सम्बन्धि नियम नमान्दा आसपासका सर्वसाधारण तथा यात्रुहरु मारमा परेका छन् ।

विराटनगरदेखि इटहरी र विराटनगरदेखि रङ्ग्रेलीसम्मको सडकखण्डमा यात्रा गर्दा कतिपय ठाउँमा यात्रुले नाक थुन्नुपर्ने र सास फेर्न गाह्रो हुने अवस्था सिर्जना भएको छ । उद्योगहरुबाट बिना कुनै प्रशोधन उत्सर्जन भइरहेको दूषित धुवाँ र ढलका कारण स्थानीय बासिन्दा मात्र होइन, उद्योगमै कार्यरत कर्मचारी र मजदुरहरुको स्वास्थ्यमा समेत गम्भीर असर परिरहेको छ ।

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ ले हरेक उद्योगले अनिवार्य रूपमा ६–६ महिनामा वायु र पानीको गुणस्तर परीक्षण गरी त्यसको स्व–अनुगमन प्रतिवेदन वातावरण विभागमा बुझाउनुपर्ने व्यवस्था गरेको छ । तर, कानुनको यो व्यवस्थालाई कोरिडोरका ५०० भन्दा बढी उद्योगले पूर्णतः बेवास्ता गर्दै प्रदूषणको अवस्था परीक्षण समेत गराउने गरेका छैनन् । चालु आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशका १४ वटा उद्योगले मात्र परीक्षण गरी प्रतिवेदन बुझाएका छन् । त्यसबाहेक पहाडी क्षेत्रका जलविद्युत् आयोजनाहरु वायु प्रदुषण नियमित परीक्षण गर्ने गरेको पाइएको छ । सुनसरी मोरङ औद्योगिक कोरिडोरमा सञ्चालित करिब ३० उद्योगले मात्र नियमित रूपमा वायु तथा पानी परीक्षण गरी प्रदुषण नियन्त्रणमा पहल गरिरहेको पाइएको छ ।

यस आर्थिक वर्ष पनि कोरिडोरका करिब डेढ दर्जन उद्योगले मात्र परीक्षण गराएको तर विभागमा प्रतिवेदन बुझाउन भने बाँकी रहेको बताएका छन् भने बाँकी ठूलो सत्याका उद्योगले परीक्षणको प्रक्रिया नै सुरु गरेका छैनन् । बढ्दो प्रदूषणलाई मध्यनजर गर्दै सुनसरीको दुहवी नगरपालिकाले पछिल्लो समय सक्रियता देखाएको छ । नगरपालिकाले कार्यपालिका बैठकबाटै निर्णय गरेर सबै उद्योगलाई अनिवार्य रूपमा वायु र पानी परीक्षण गरी प्रदूषण नियन्त्रण गर्न पत्राचार गरेपछि केही उद्योगहरूले परीक्षण गराउन थालेका छन् ।

सरकारले वातावरणीय मापदण्ड पालना नगर्ने उद्योगलाई ५० लाख रूपियाँसम्म जरिवाना गर्ने कानुनी व्यवस्था गरेको छ । तर प्रभावकारी अनुगमन र दण्डको अभावमा यो व्यवस्था कागजमै सीमित देखिएको छ । देशैभरिको तथ्यांक हेर्दा पनि गत आर्थिक वर्ष २०८१/०८२ मा १५९ र चालु आवको चैतसम्म १४३ उद्योगले मात्र वायु तथा पी प्रदूषण परीक्षण गराएका छन् ।

## मनोरञ्जन

# दोश्रो १२ गाउँ बनाउँदै बिराज



**दमक/** सुपरहिट एक्सन फिल्म '१२ गाउँ'को सिक्वेल '१२ गाउँ २'को छायांकन सुरू गरिएको छ। विराज भट्टको निर्देशनमा बन्न लागेको फिल्मको बुधबार काठमाडौंमा शुभमुहूर्तसँगै छायांकन थालिएको हो । फिल्ममा निर्देशक भट्ट स्वयंका साथमा समिर भट्ट, अनुपविक्रम शाही, काफिया शाही, वर्षा इटानी, खुशी कार्की, प्रकाश शाह, सुनिल पोखरेल, कनिज कोइराला, कालु राना, पुष्कर भट्ट, शिवकुमार सिंह, साहित सिंह ठकुरी र पूर्णबहादुर गन्धर्वलगायत कलाकारहरूको अभिनय रहनेछ । निर्माण पक्षका अनुसार सुरूमा फिल्मको गीत खिचिनेछ। फिल्मको छायांकन काठमाडौंसहित सिन्धुपाल्चोक र चितवनलगायत विभिन्न स्थानमा गरिनेछ । दसैंको अवसर पारेर फूलपातीमा फिल्म रिलिज मिति घोषणा गरिएको छ । प्राविधिक पक्षतर्फ, डीओपीको रूपमा महेश पौडेल रहेका छन् भने कथा तथा पटकथा सन्तोष सरकारले तयार पारेका हुन् । द्वन्द्व निर्देशनमा स्टन्ट सिल्मा र शंकर महर्जनको रहनेछ ।

## दैनिक राशिफल





आज मिति २०८३ साल वैशाख २८ गते सोमबार 011 May 2026 तिथि: नवमी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

**मेष** (चु चे चो ला लि लु ले लो अ): परिश्रम बढी गर्नु पर्ने । अध्ययन क्षेत्रमा सुधार ।

**वृष** (इ उ ए ओ वा वि वु वे वो): मित्रहरुबाट सहयोग । आर्थिक पक्ष सबल ।

**मिथुन** (का कि कु घ ङ छ के को हा): गरेका कामहरुमा सफता । पठन–पाठनमा भने मध्यम ।

**कर्कट** (ही हु हे हो डा डि डु डे डो): रोजगारीको अवसर । बोलीको प्रभावबाट काम बन्ने ।

**सिंह** (मा मि मु मे मो टा टि टु टे): आफन्तको सहयोग । धन लाभ ।

**कन्या** (टो प पि पु ष ण ठ पे पो): अनावश्यक खर्च । शत्रुको भय ।

**तुला** (रा रि रु रे रो ता ति तु ते): आकस्मिक धनलाभ । आफन्तबाट सहयोग ।

**वृश्चिक** (तो ना नि नु ने नो या यि यु): उपहार प्राप्ति । रोजगारीको अवसर ।

**धनु** (ये यो भा भि भु धा फा ढ भे): कार्य सिद्धि । मान्यजनको सहयोग ।

**मकर** (भो जा जि खि खु खे खो गा गि): मनमा खिन्नता । स्वास्थ्यमा समस्या ।

**कुम्भ** (गु गे गो सा सि सु से सो द): धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ ।

**मीन** (दि दु थ झ ञ दे दो चा चि): आर्थिक प्रगति । मित्रबाट सहयोग ।

# सुनझोडाको पुल अन्तिम चरणमा

◆ ज्योती शर्मा

उर्लाबारी/ मोरङको उर्लाबारी -३ र पथरीशनिश्चरे-२ को सिमानामा पर्ने सुनझोडा खोलामा निर्माणाधीन मोटरेवल पुल अन्तिम चरणमा पुगेको छ ।

यहाँ पुल नहुँदा विद्यार्थी, बिरामी बोकेर अस्पताल पुग्ने परिवार, किसान तथा दैनिक कामकाजमा हिंड्नेले खोलामा आउने बाढीका कारण पटक-पटक सास्ती खेप्दै आएका थिए । कतिपय अवस्थामा खोला तर्दा दुर्घटनाको जोखिमसमेत रहने भएकाले परिवारका सदस्य चिन्तामा पर्ने गरेको स्थानीय गणोशप्रसाद घिमिरेले बताए । स्थानीयवासीका अनुसार प्रत्येक चुनावमा पुल निर्माणको मुद्दा प्रमुख एजेण्डा बन्ने गरे पनि काम भने अघि बढ्न सकेको थिएन । पटक-पटक योजना बनेर पनि अलपत्र पर्ने अवस्थाका बीच गत वर्षदेखि भने निर्माणले तीव्रता पाएको सोहि ठाउँका पहलमान बुढाथोकीले जनाए ।

गत वर्ष जेठ १७ गते शिलान्यास गरिएको पुलको निर्माण अवधि २०८३ चैत मसान्तसम्म तोकिए पनि निर्माण कम्पनीले निर्धारित समयभन्दा अघिनै काम सम्पन्न गर्ने तयारी गरेको छ । निर्माण कम्पनीका प्रतिनिधि दिलिपकुमार कर्णका अनुसार पुलको करिब ८५ प्रतिशत भौतिक प्रगति सम्पन्न भइसकेको छ । अहिले दुवैतर्फ माटो पुर्ने, पाइप रेलिङ जडान गर्ने लगायतका अन्तिम चरणका काम भइरहेको भने केही दिनभित्रै सम्पूर्ण काम सम्पन्न गरी हस्तान्तरण गर्ने तयारी रहेको उनले जानकारी दिए ।

स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय इटहरीका इञ्जिनियर थिरेन्द्र दाहालका अनुसार पुल ३० मिटर लामो रहेको छ । पुलको बीच भागमा ६ मिटर चौडाइको सवारी आवागमन मार्ग रहनेछ भने दुवैतर्फ पैदलयात्री हिंड्न मिल्ने संरचना बनाइएको छ । प्रारम्भिक लागत अनुमान ८ करोड ३० लाख रूपैयाँ रहेको पुल प्रतिस्पर्धात्मक टेण्डर प्रक्रियामार्फत ५ करोड ६८ लाख ९३ हजार ८ सय ५५ रूपैयाँ ७७ पैसामा निर्माण भइरहेको हो ।

**सडक....** आयोजनाले सार्वजनिक गरेको नक्सामा उल्लेख गरिएको थियो । एसियन हाइवेको काँकरभिट्टा-लौकही सडक पूर्वी खण्डका प्रतिनिधिहरूले बिर्तामोडमा बन्ने संरचना बारे स्थानीय व्यवसायी र सरोकारवालाई यसअघि नै जानकारी गराएका थिए । मुक्तिचोकबाट पश्चिममा ३९० मिटर र पूर्व तर्फ २०० मिटर ओभरपास बन्नेछ ।

तत्कालिन प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाले ०६६ बैशाख ६ गते स्तम्भको उद्घाटन गरेका थिए । लोकतन्त्र प्राप्तिको आन्दोलनमा लडिरहने वीर नेपाली जनता एवम् जनआन्दोलनका क्रममा शहादत प्राप्त गर्नुहुने वीर शहीदहरूको सम्झनामा गोपालकुमार बस्नेतको अध्यक्षतामा जनआन्दोलन स्मृति प्रतिष्ठानद्वारा निर्मित उक्त स्तम्भ निर्माण गरिएको थियो ।

**करिब.....** तथ्यांकअनुसार सबैभन्दा बढी जोखिम कनकाई र बिरिङ नदी आसपासका क्षेत्रमा रहेको छ । कनकाई नदीबाट मात्रै २ हजार २४९ परिवार प्रभावित हुनसक्ने अनुमान गरिएको छ । यस नदीले झापा गाउँपालिका, गौरीगञ्ज गाउँपालिका, शिवसताक्षी नगरपालिका तथा कनकाई नगरपालिकाका विभिन्न वडामा क्षति पुर्‍याउन सक्ने देखिएको छ ।

त्यस्तै, बिरिङ नदीबाट २ हजार ११५ परिवार प्रभावित हुनसक्ने अनुमान गरिएको छ। बिरिङ नदीको बाढीले कनकाई नगरपालिका, बाह्रदशी गाउँपालिका, कचनकबल गाउँपालिका, झापा गाउँपालिका, अर्जुनधारा नगरपालिका तथा बुद्धशान्ति गाउँपालिकाका बासिन्दा प्रभावित हुनसक्ने रेडक्रसको अध्ययनमा उल्लेख छ ।

यसैगरी, रतुवा नदीबाट १ हजार ३३० परिवार, मेची नदीबाट १ हजार ९० परिवार, कमल र बनियानी नदीबाट १ हजार १५ परिवार प्रभावित हुनसक्ने अनुमान गरिएको छ। निन्दा नदीबाट १५०, हडिया नदीबाट १७५, देवनिया नदीबाट ४४५ तथा टाङटिङ र नेते नदीबाट ३५० परिवार जोखिममा पर्ने प्रक्षेपण गरिएको छ ।

संभावित विपद्लाई ध्यानमा राख्दै रेडक्रसले उद्धार, राहत तथा आश्रय व्यवस्थापनको तयारीसमेत अघि बढाएको जनाएको छ । जिल्लाभर ११२ वटा सुरक्षित स्थानलाई अस्थायी आश्रयस्थलका रूपमा पहिचान गरिएको छ । तीमध्ये अधिकांश विद्यालय, सामुदायिक भवन तथा स्थानीय तहका सार्वजनिक संरचनाहरु रहेका छन् ।

मनसुनका बेला नदी आसपासका बस्तीमा बाढी, कटान तथा डुबानको समस्या दोहोरिने भएकाले स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सरोकारवाला संस्थाहरूलाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ ।

विज्ञहरूका अनुसार नदी किनारमा अनियन्त्रित बसोबास, वन विनाश र कमजोर पूर्वाधारका कारण मनसुनजन्य जोखिम वर्षेनी बढ्दै गएको छ । त्यसैले दीर्घकालीन रूपमा सुरक्षित बस्ती व्यवस्थापन, नदी नियन्त्रण तथा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउनु आवश्यक देखिएको छ ।

**सुकुम्बासी**

### गुटबन्दी गर्ने सांसदलाई कडा चेतावनी

उही कार्यक्रममा सभापति लामिछानेले पार्टीभित्र गुटबन्दी गर्ने प्रवृत्तिप्रति असन्तुष्टि जनाउँदै गुटको कुरा गर्ने केही सांसद मन्त्री बन्नबाट वञ्चित भएको खुलासा पनि गरे । उनले पार्टीभित्र "रवि समूह" र "बालेन समूह" भन्दै छुट्टाछुट्टै शक्ति केन्द्र बनाउन खोज्ने गतिविधि स्वीकार्य नहुने स्पष्ट पारे । यस्ता गतिविधिमा संलग्न भए आगामी निर्वाचनमा टिकटसमेत नपाउने चेतावनी उनले दिए ।

"कोही आफूलाई रवितिरको, कोही बालेनतिरको भनेर चिनाउँदै हिँड्नुभएको छ । त्यही कारण मन्त्री नभएका साथीहरू पनि हुनुहुन्छ," उनले भने, "पार्टीको आधिकारिक लाइनभन्दा बाहिर गएर कुनै समूह वा झुण्डमा लाग्ने काम स्वीकार्य हुँदैन ।"

लामिछानेले आफू र प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) बीच फाटो ल्याउन विभिन्न प्रयास भइरहेको दाबी गर्दै त्यस्ता हल्लाबाट प्रभावित नहुन सांसदहरूलाई आग्रह गरे ।

"हामीबीच राम्रो समझदारी छ । यस्ता कुरा आउँदा हामी आफैं बसेर छलफल गर्छौं," उनले भने, "मिडियालाई हामी फुटेको हेडलाइन बनाउन रहर होला, तर त्यस्तो सम्भव छैन । हामी राजनीतिक रूपमा परिपक्व भइसकेका छौं ।" उनले पार्टीलाई व्यक्तिगत स्वार्थभन्दा माथि राखेर अघि बढ्न सांसदहरूलाई निर्देशन दिँदै अनुशासन, एकता र साझा उद्देश्यलाई प्राथमिकता दिनुपर्ने बताए ।

रास्वपाले पछिल्लो समय सरकार सञ्चालन, सुकुम्बासी व्यवस्थापन तथा वैकल्पिक राजनीतिक अभ्यासका विषयमा आफूलाई फरक रूपमा प्रस्तुत गर्ने प्रयास गरिरहेका बेला सभापति लामिछानेको यो अभिव्यक्तिलाई पार्टीभित्रको आन्तरिक सन्देशका रूपमा पनि हेरिएको छ ।


## सूचना




जिल्ला झापा दमक न.पा. वडा नम्बर ३ बस्ने भारतीय आर्मी नम्बर JC634371 L दर्जा NB/Sub पल्टन 7/11GR को हस्तबहादुर लिम्बूको नाति श्री देउकुमार योङहाङको छोरा भारतीय सैनिक श्री शेरबहादुर लिम्बूको एक मात्र श्रीमती जिल्ला झापा दमक नगरपालिका वडा नं. ३ बस्ने श्री गञ्जमान राईको नातिनी लालबहादुर राईको छोरी श्री रामकुमारी योङहाङ लिम्बु श्रीमानको भारतीय दस्तावेज (पेन्सनपट्टा) मा श्रीमती राम कुमारी लिम्बु लेखिएको हुँदा अब उप्रान्त नेपाली नागरिकता बमोजिम नै श्रीमती राम कुमारी योङहाङ लिम्बु कायम गर्नका निम्ति सर्वसाधरणमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

दमक नगरपालिका दमक झापा

## स्वास्थ्य शाखाको सूचना

राष्ट्रिय पोषण लेखाजोखा कार्यक्रम २०८३ अन्तर्गत दमक नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा ६-५९ महिनाका शिशु तथा बालबालिकाको तौल मापन, उचाई लम्बाई मापन, पोषण जन्य कारणले सुन्निएको नसुन्निएको र पाखुराको मध्य भागको परिधि मापन गर्ने कार्यगरि पोषण अवस्थाको पहिचान/विश्लेषण र उपचार व्यवस्थापन गर्न निम्न स्थान तथा मितिमा बिहान १० बजे देखी ४ वजे सम्म स्वास्थ्यकर्मीवाट गरिने भएकोले आफ्नो पाएक पर्ने स्थानमा वालबालिका हित उपस्थित भई आफ्नो वालवालिकाको पोषणको स्थिति पत्ता लगाई मौकाको फाईदा उठाउनुहुन अनुरोध छ ।

## ऋण चुक्ता गर्न आउने बारेको ७ दिने अत्यन्त जरुरी सूचना

*तेस्रो पटक प्रकाशित मितिः २०८३/०१/२८ गते सोमबार*

**स सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको साँवा,व्याज,हर्जना र अन्य दस्तुर रकम समेत तिर्न/बुझाउन पटक पटक मौखिक, लिखित, फोन सम्पर्क तथा प्रत्यक्ष भेटेर तरतागेता गर्दा समेत नतिरी/नबुझाइ कर्जा लिंदाका बखत गरेका शर्त बन्देजहरु उलंघन गरेको हुनाले र मिति २०८२/११/०४ गते सोमबार प्रथम पटक ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको साथै २०८२/१२/११ गते बुधबार द्वितीय पटक १५ दिने सूचना प्रकाशित गरिए पश्चात पनि सम्पर्कमा नआएको हुनाले तृतीय पटक यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा संस्थामा सम्पर्क राखि यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (साँवा, व्याज, हर्जना र अन्य दस्तुर रकम समेत) चुक्ता गर्नु हुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त लिखित तथा प्रचलित नेपाल सरकारको कानून बमोजिम तपसिलको धितोबाट नपुग भएमा अन्य जायजेथाबाट समेत कर्जा असुल उपर गरिने व्यहोरा सम्बन्धित तपसिलका ऋणी सदस्यहरुलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।**

**ऋणीको तीन पुस्ते विवरण**
ऋणीको नाम : धर्म प्रसाद आचार्य
बाबुको नाम : खगेन्द्र प्रसाद आचार्य
बाजेको नाम : जगन्नाथ आचार्य
वतन : कमल गा.पा. -६
नागरिकता नं. : २३१११३७०६
जारी मिति : २०४७/०७/१२



**धितो दिनेको तीन पुस्ते विवरण**
नाम : महेश पौडेल
बाबुको नाम : देवि प्रसाद पौडेल
बाजेको नाम :कृष्ण प्रसाद पौडेल
वतन : कमल गा.पा. - ६
नागरिकता नं. : २३१११६८
जारी मिति : २०५८/०८/११




### धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा. पा. | वडा नं./नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गा धनीको नाम |
|---|---|---|---|---|---|
| झापा | मधुमल्ला (दमक) | ६ / ६झ | ४०५ | १८६.२२ व.मि. | महेश पौडेल |
| झापा | मधमल्ला (दमक) | ६ / ६झ | ४०३ | १५२.३६ व.मि. | महेश पौडेल |

**ऋणीको तीन पुस्ते विवरण**
ऋणीको नाम : मोहन ढकाल
बाबुको नाम : रेवती राम ढकाल
बाजेको नाम : हरी प्रसाद ढकाल
पत्नीको नाम : एकता मल्लीक
बतन : दमक न.पा. - ८
नागरिकता नं. : १९३/२०७१४
जारी मिति : २०४८/०४/३०



**जमानीकर्ताको तीन पुस्ते विवरण**
नाम : एकता मल्लीक
बाबुको नाम : कमल नारायण मल्लीक
पतिको नाम : मोहन ढकाल
वतन : दमक न.पा. - ८
नागरिकता नं. : ४०९/२२३१
जारी मिति : २०५७ /०९/१०



### धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा. पा. | वडा नं./नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गा धनीको नाम |
|---|---|---|---|---|---|
| झापा | दमक | १५ | १००९ | ५६७.५० व. मि. | मोहन ढकाल |

**दमक बहुमुखी सहकारी संस्था लि.**
दमक–१, झापा (फोन नं. ०२३(५७२६७४, ५७४१३२)

**भुल सुधारसहित प्रकाशित** मिति २०८३ वैशाख २१ गते यस दैनिकमा प्रकाशित ७ दिने सुचनामा मिति र केही शब्द गल्ती भएकाले सुधारसहित आजको मितिबाट ७ दिन म्याद रहने गरि पुन: यो सूचना प्रकाशित गरिएको छ ।

सुदर्शन बचत तथा ऋण सहकारी संस्था लि. उर्लाबारी-५, मोरङ्गको

## ऋण नतिर्ने ऋणी सदस्यलाई कर्जा चुक्ता गर्न आउने ७ दिने सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३।०१।२८ गते पूर्वसन्देश दैनिक

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले ब्यापारीक प्रयोजनको लागि ऋण लिदाँको बखतमा तोकिएको भुक्तानि तालिका अनुसार तिर्नु बुझाउनुपर्ने साँवा र ब्याज रकम नतिरि नबुझाई संस्थालाई लेखि लेखाई दिएको ऋण सम्बन्धी शर्त बन्देज उल्लगन गर्नु भएकोले संस्थाले पटक पटक मौखिक, लिखित, फोन सर्म्पक तथा प्रत्यक्ष भेटेर सुचना गरी तरतागेता गर्दा समेत आलटाल गरी शर्त बमोजिम संस्थालाई बुझाउनु पर्ने सँवा र ब्याज नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस संस्थाको कार्यालयमा आई भाखा नाघेको ऋणको साँवा र ब्याज एकमुष्ठ चुत्ता गर्न गराउनुहुन तपाई ऋणी सदस्यहरुमा यो सुचना जारी गरिन्छ । उल्लेखित मिति भित्र ऋणको सम्पूर्ण साँवा र ब्याज चुत्ता गर्न नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण लगानी तथा असुलि कार्यविधि एवम प्रचलित ऐन कानुन बमोजिम ऋणी सदस्यहरुको धितोमा रहेको चल अचल सम्पती जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिकी वा अन्य ब्यबस्था गरी संस्थाको लिने रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित तपशिलका ऋणी सदस्य र जमानत दिने व्यक्तिहरु समेतलाई यसै सुचनाद्वारा अवगत गराउदै कर्जा भुत्तानी गर्नु/गराउनु सुचित गरिएको छ ।असुल उपर कारवाहीको शिलशिलामा उत्त कार्यविधि अनुसार भएका सम्पूर्ण खर्च समेत ऋणी सदस्यबाट नै असुल उपर गरिने ब्यहोरा समेत जानकारी गराइन्छ । यस संस्थाबाट संस्थाको सम्पूर्ण लिने रकम असुल नभएमा ऋणी सदस्यहरुको घर घरानाको चल अचल सम्पतीबाट असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ ।

### तपशिल

**ऋणीको तीन पुस्ते विवरण**
१. ऋणीको नाम : बबिता कोइराला
ठेगाना : उर्लाबारी-५, मोरङ
बाबुको नाम : तिलक कुमार कोइराला
पतिको नाम : गोविन्द खत्री
नागरिकता नम्बर : ५८२६०/५९२६०
ना.प्र प जारि मिति : २०७७।१०।१७
जारी स्थान : सुनसरी

**जमानीको तीन पुस्ते विवरण**
नाम : चित्र बहादुर प्रधान+बेल बहादुर कार्की
ठेगाना : उर्लाबारी-५, मोरङ
बाबुको नाम : कुल बहादुर + दुर्गा बहादुर
हजुरबुवाको नाम : धन बहादुर + हस्त बहादुर
नागरिकता नम्बर : १०७४८
ना.प्र प जारि मिति : २०५०।१२।०३
जारी स्थान : मोरङ्ग

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जगगाधनीको नाम |
|---|---|---|---|---|---|
| मधुमल्ला | ५ | ५ख | १९२१ | ६८५.७४ | बबिता कोइराला |
| मधुमल्ला | ५ | ५ख | १९२४ | ७७८.८७ | बविता कोइराला |
| मधुमल्ला | ५ | ५घ | ३१८१ | ०-०-९ | चित्र बहादुर प्रधान+बेल बहादुर कार्की |

**ऋणीको तीन पुस्ते विवरण**
२. ऋणीको नाम : सन्जय कुमाल
ठेगाना : उर्लाबारी-३, मोरङ
बाबुको नाम : पुर्ण बहादुर कुमाल
हजुरबुवाको नाम : गोफ्ले कुमाल
नागरिकता नम्बर : ४४६१
ना.प्र प जारि मिति : २०५८।०८।२९
जारी स्थान : मोरङ्ग

**जमानीको तीन पुस्ते विवरण**
जमानीको नाम : जुनु धिमाल
ठेगाना : उर्लाबारी-३, मोरङ
बाबुको नाम : केशव धिमाल
पतिको नाम : सन्जय कुमाल
नागरिकता नम्बर : ०५२००६/१६७०
ना.प्र प जारि मिति : २०६६।०३।१०
जारी स्थान : मोरङ्ग

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जगगाधनीको नाम |
|---|---|---|---|---|---|
| दमक | ५ | ५ | १३००४ | २१.१६ | सन्जय कुमाल |
| दमक | ५ | ५ | १३००६ | ३१७.४७ | सन्जय कुमाल |
| मधुमल्ला | ९ | ९ख | ९७६ | ५५.०२ | जुनु धिमाल |
| मधुमल्ला | ९ | ९ख | ९७८ | ११४.२७ | जुनु धिमाल |

**ऋणीको तीन पुस्ते विवरण**
३. ऋणीको नाम : नरेन्द्र कुमार श्रेष्ठ
ठेगाना : उर्लाबारी-७, मोरङ
बाबुको नाम : रत्न बहादुर श्रेष्ठ
हजुरबुवाको नाम : कहरमान श्रेष्ठ
नागरिकता नम्बर : १२९९
ना.प्र प जारि मिति : २०४२।१०।०३
जारी स्थान : मोरङ्ग

**जमानीको तीन पुस्ते विवरण**
जमानीको नाम : हर्क कुमारी श्रेष्ठ
ठेगाना : उर्लाबारी-७, मोरङ
पतिको नाम : रत्न बहादुर श्रेष्ठ
हजुरबुवाको नाम : छत्र संह श्रेष्ठ
नागरिकता नम्बर : ४०४/१८८
ना.प्र प जारि मिति : २०४६।०२।२८
जारी स्थान : मोरङ्ग

**धितो दिएको जग्गाको विवरण**

| स्थान | वडा नं. | सिट नं. | किता नं. | क्षेत्रफल व.मि. | जगगाधनीको नाम |
|---|---|---|---|---|---|
| टाँडी | ५ | ५ट | १३२ | ६९१६.६८ | नरेन्द्र कुमार श्रेष्ठ |

**सुदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
उर्लाबारी-५, मोरङ (सर्म्पक नं. ०२१-५४३०१४)


**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल